**मिति २०७८ आषाढ ८ गते बसेको मर्स्याङदी गाउँ कार्यापालिकाको ८२ औं बैठकको निर्णयहरु :**

१. संघ विशेष अनुदान अन्तरगत यस गाउँपालिका वडा नं. ९ स्थित (Contract ID : 09/MRM/WS/077-78) Construction of Simpani Water Supply Project मा निर्माणधिन रहेको योजना मिति २०७८/०१/१६ मा अधिकारी कन्स्ट्रक्सन, बेसिशहर, लमजुङ सँग सम्झौता भई काम शुरु भएको र देशमा महामारी रुपमा फैलिएको COVID - 19 र लकडाउनका कारणले निर्माण सामाग्री र कामदारको अभाव भएको कुरा उल्लेख गर्दै अधिकारी कन्स्ट्रक्सन, बेसिशहर, लमजुङले मिति २०७८/०३/०३ गते म्याद थपको निवेदन पेश गरेको र निर्माण कार्य सम्पन्न नभएको हुँदा उक्त फर्मलाई निर्माण सम्पन्न गर्ने म्याद मिति २०७८/०९/०३ गते सम्म थप गर्न संघिय सरकार सँग सिफारिस गर्ने निर्णय गरियो ।

२. सम्भावित विपद्, प्रकोप सम्बन्धमा छलफल गरि विपद पूर्व तयारी, सतर्कता र छिटो सुचना प्रवाह गर्ने, जनप्रतिनिधीहरुको उपस्थिति अग्रपङतिमा रहने, उद्धार, राहत, पुनर्वासको तत्काल व्यवस्थापनमा जोड दिने, विपद्को रिपोर्टिङ, तथ्याङ्क अभिलेखिकरणलाई चुस्त दुरुस्त गर्ने निर्णय गरियो । हरेक वडाले सम्भव भए सम्म वडागत विपद व्यवस्थापन सम्वन्धि कोष खडा गर्ने समेत निर्णय गरियो ।

३. आ.व.२०७७/०७८ को बजेटमा विपद व्यवस्थापन कोष संघिय सरकार राजस्व बाँडफाँड विनियोजन खर्च शिर्षक नं. २७२१२ मा विनियोजन गरिएको रु.३० लाखको चेक जारी गरि कार्य सञ्चालन कोष अन्तर्गत प्रकोप व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरियो ।

४. यस मर्स्याङ्दी गाउँपलिका अर्न्तगत अस्थाई कोरोना अस्पतालमा सेवा करारमा पदमा मिति २०७८/०२/२० मा गाउँकार्यापालिकाको निर्णाय अनसार नियुक्ति हुनु भएका श्री विमला परियार नियुक्ति प्रक्रिया अनुमोदन गर्ने निर्णय गरियो ।

५. "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ को अनुसुचि २ संग सम्वन्धीत दरहरु निम्न् अनुसार संशोधन गर्ने निर्णय गरियो ।

| क्र.स. | निर्माण व्यवसायीको वर्ग | ईजाजपत्र दस्तुर | ईजाजतपत्र नवीकरण दस्तुर |
|---|---|---|---|
| १ | घ | १५,००० | ५,००० |

६) मर्स्याङ्दी गाउँपालिका वडा नं. ९ को वडा कार्यालयको लागि आफनो भवन नभएको ,भवन निर्माणको लागि आवश्यक पर्ने जग्गा नभएकाले सो कार्यको लागि आवश्यक पर्ने केही जग्गा यस गा.प. को वडा नं. ३ मा रहेको श्री अमर मा.वि.खुदीको यसै गा.प.को वडा नं. ९मा रहेको कित्ता नं.४८३ को क्षेत्रफल ०-९-२-२ जग्गा उपल्ब्ध हुने भनि सो विद्यालयको व्यवस्थापन समितिको मिति २०७७/१०/२१ को निर्णय भएकोले सो जग्गामा वडा नं. ९ को कार्यालयको नाममा ल्याउन पहल गर्ने यस गाउँपालिकाको कार्यपालिकाको वैठकवाट जिल्ला प्रशासन कार्यालय लमजुङलाई अनुरोध गर्ने निर्णय गरियो । सो जग्गा प्राप्ति पशचात पनि वडा कार्यालयको भवन निर्माणको लागि जग्गा प्रयाप्त नहुने भएकोले सोही जग्गा संग जोडिएको पश्चिम तर्फको शान्ता गौतम खत्री को क्षेत्रफल २-७-०-० को किता नं. ४८२ वाट ९ आना क्षेत्रफल भएको जग्गा प्राप्त गर्नु पर्ने भएकोले सो लागि पनि आवश्यक पहल गरीदिनको लागि जिल्ला प्रशासन कार्यालय लमजुङ अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय न.९ तपसिल बमोजिमको बजेट शिर्षकबाट रकमान्तर खर्च शिर्षकमा रकम रकमान्तर गर्ने निर्णय गरियो ।

| क्र.सं. | बजेट शिर्षक | स्रोत | अपुग रकम | रकमान्तर खर्च शिर्षक | स्रोत | जम्मा रकमान्तर |
|---|---|---|---|---|---|---|
| १ | पदाधिकारी सुविधा | | 3000000 | शिक्षा | | 1300000 |
| | | | | अपाङ्ग सम्मान तथा आय आर्जन कार्यक्रम | | 1000000 |
| | | | | गरिव तथा जेहेन्दार विद्यार्थीहरुको लागि प्राविधिक शिक्षा छात्रवृत्ति | | 400000 |
| | | | | कर्मचारी तालिम खर्च | | 300000 |
| २ | सेवा तथा परामर्श | | 500000 | बिमा तथा नविकरण खर्च | | 200000 |
| | | | | पानी तथा बिजुली | | 200000 |
| | | | | ईन्धन अन्य प्रयोजन | | 100000 |
| ३ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | | 1000000 | महंगी भत्ता | | 240000 |
| ४ | मसलन्द तथा कार्यालय सामाग्री | | | कर्मचारी योगदानमा आधारित निवृतिभरण | | 240000 |
| ५ | संचार महसुल | | | स्वास्थ्य तर्फ | | 520000 |
| ६ | पदाधिकारी बैठक भत्ता | | 700000 | स्वास्थ्य शिक्षा कार्यक्रम | | 200000 |
| ७ | विविध खर्च | | | कर्मचारी तालिम खर्च | | 100000 |
| | | | | कर्मचारि योगदानमा आधारित बिमा खर्च | | 100000 |
| | | | | सिपमुलक तथा क्षमता विकास तालिम | | 100000 |
| | | | | स्वास्थ्य संवयसेविकाको यातायात खर्च | | 200000 |
| ८ | करार सेवा शुल्क | | 400000 | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | राजस्व बाँडफाँड | 400000 |
| ९ | अनुगमन मुल्याङ्कन खर्च | आन्तरिक स्रोत | 600000 | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | आन्तरिक स्रोत | 600000 |
| | | | **6200000** | | | **6200000** |

## पुजीगत तर्फ

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | मेशनरी तथा औजार | | 900000 | कृषि पशु तथा जडिबुटि कार्यक्रम | | 400000 |
| २ | फर्निचर तथा फिक्चर्स . | | | पुँजिगत अनुसन्धान तथा परामर्श | | 200000 |
| ३ | कार्यालय सँग सम्बन्धित अन्य सार्वजनिक निर्माण | | | सडक सरसफाई | | 300000 |
| ४ | नरदेवी सामुदायिक भवन | | | | | |
| | जम्मा | राजस्व बाँडफाँड | **900000** | | राजस्व बाँडफाँड | **900000** |